# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम

**पाठ्यक्रमको रुपरेखाः– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :**

**प्रथम चरण** :– शारीरिक तन्दुरुस्ती परीक्षण पूर्णाङ्क :– ५०

**द्वितीय चरण** :– लिखित परीक्षा पूर्णाङ्क :– ३०

**तृतीय चरण** :– अन्तर्वार्ता पूर्णाङ्क :– २०

### परीक्षा योजना (Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | २५ | प्रयोगात्मक | | |
| द्वितीय | लिखित परीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न x ०.५अङ्क | ५० मिनेट |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | - |

द्रष्टव्यः-

१. शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाको बुँदा न. (१) शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ । शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ ।

२. प्रथम चरण (क खण्ड) को शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरु मात्र तन्दुरुस्ती परीक्षा (ख खण्ड) मा भाग लिन पाउने छन । तन्दुरुस्ती परीक्षामा तोकिएका प्रत्येक इभेण्टहरुमा छनौट हुँदै गई सबै इभेण्टहरुमा सफल भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

३. तन्दुरुस्ती परीक्षाको दौरानमा उम्मेदवार दुर्घटनामा परेमा वा कुनै पनि किसिमको भवितब्य हुन गएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

६. यस पाठयक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको विज्ञापन हुँदाको बखत (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

७. उम्मेदवारहरुले पाठ्यक्रमसंग सम्वन्धित संवैधानिक व्यवस्था र सम्वन्धित ऐन तथा नियमावलीका वारेमा सामान्य जानकारी राख्नु पर्नेछ ।

८. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा प्रथम चरणको तन्दुरुस्ती परीक्षाका क र ख खण्डका इभेण्टका परीक्षणमा छनौट भएका मध्येबाट प्रथम चरणको तन्दुरुस्ती परीक्षामा प्राप्त अङ्क र द्वितीय चरणको लिखित परीक्षामा प्राप्त अङ्कका कुल योगको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार नै उम्मेदवारको नाम समावेश गरिनेछ ।

९. शारीरिक तन्दुरुस्ती परीक्षण साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।

१०. प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क, द्वितीय चरणको लिखित परीक्षाको अङ्क र अन्तर्वार्ताको अङ्कजोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

११. पाठ्यक्रम लागू मिति :- २०७८।०४।२६ देखि

## प्रदेश लोक सेवा आयोग
### लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम

## प्रथम चरण :– शारीरिक तन्दुरुस्ती परीक्षणको योजना

**(क) शारीरिक परीक्षण**

| सि.नं. | बिबरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ५फिट |
| २ | छाती | ३१-३३इन्च (३१"– ३३") | -- |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धि दोष नभएको | रंग पहिचान सम्बन्धि दोष नभएको |

**(ख) तन्दुरुस्ती परीक्षा**

| सि नं. | परीक्षाका इभेण्टहरु (Events) | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०० मि.दौड | २० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा सि.नं. १ देखि क्रमशः४ सम्म गर्नु पर्ने छ । सि.नं. १ अर्थात अगाडिको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागि हुन पाउने छैनन । |
| २ | ३००० मि. दौड | २० | |
| ३ | रुख चड्ने | ५ | |
| ४ | पौडि | ५ | |

### तन्दुरुस्ती परीक्षाको मूल्यांकन विधि

**(१) २०० मि. दौड**

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्डसम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्डसम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्डसम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्डसम्म | १० |
| ३६.१ सेकेन्डवा सो भन्दा बढी | असफल | ४२.१ सेकेन्डवा सो भन्दा बढी | असफल |

**(२) ३००० मि. दौड**

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेटसम्म | १५ | १४.१ मिनेट देखि १६ मिनेटसम्म | १५ |
| १४.१ मिनेट देखि १६ मिनेटसम्म | १० | १६.१ मिनेट देखि १८ मिनेटसम्म | १० |
| १६.१ मिनेट भन्दा बढी | असफल | १८.१ मिनेट भन्दा बढी | असफल |

**(३) रुख चड्ने**

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| ७ मि. सम्म रुख चड्न सक्ने | ५ | ५ मि. सम्म रुख चड्न सक्ने | ५ |
| ७ मि. सम्म रुख चड्न नसक्ने | असफल | ५ मि. सम्म रुख चड्न नसक्ने | असफल |

**(४) पौडि खेल्ने (नदी/नाला, ताल)**

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| ५.५ मि. सम्म दुरि पौडि खेलि तर्न सक्ने | ५ | ४.५ मि. सम्म दुरि पौडि खेलि तर्न सक्ने | ५ |
| ५.५ मि. सम्म पौडि खेल्न नसक्ने | असफल | ४.५ मि. सम्म पौडि खेल्न नसक्ने | असफल |

प्रदेश लोक सेवा आयोग

# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम

## द्वितीय चरणः– लिखित परीक्षाको पाठ्यक्रम

**निम्न लिखित विषयहरुमा सामान्य जानकारी/ज्ञानः**

१. वन/जंगल, वनस्पती लगायत वन्यजन्तुहरुको व्यवस्थापन तथा वन अपराध नियन्त्रण

२. वन क्षेत्रको संरक्षण गर्दा ध्यान दिनु पर्ने कुराहरु

३. वन मापन र वन श्रोत मापन सम्वन्धी

४. वन पैदावर छपान, कटान, मुछान र घाटगद्दी

५. टाँचा, सिल र वन पैदावर ओसारपसार

६. वनजन्य अपराध, अबैध वन पैदावर जफत, खानतलासि

७. आरोपित पक्राउ र हिरासतमा रहेका आरोपितहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु,

८. दुर्लभ, प्रतिबन्धित तथा संरक्षित वनस्पती र वन्यजन्तुहरु

९. माउ रुख पहिचान, विउ संकलन, विरुवा उत्पादन र वृक्षारोपण

१०. वनको किसिम र वन प्रजातिहरु सम्बन्धी

११. वन संरक्षणमा देखिएका मुख्य समस्या र चुनौतीहरु (वन डढेलो, अतिक्रमण, चरिचरण र बन पैदावार चोरी निकासी)

१२. वन व्यवस्थापन पद्धति र वन संबर्द्धन प्रणाली

१३. वन्यजन्तुहरुको संरक्षण, उद्धार र नियन्त्रण

१४. वन्यजन्तुहरुको आहार विहार सम्वन्धी

१५. राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, संरक्षित वन, चक्ला वन र निजी वन विकास सम्बन्धी

१६. वन विकाससँग सम्बन्धित प्रचार प्रसारका सामग्री तथा यिनीहरुको उपयोगिता

१७. प्रदेश वन संगठनको संरचना सम्वन्धी

१८. बिरुवा तथा जडिवुटीको सामान्य परिचय र उपयोगिता

१९. वन सम्वन्धी प्रचलित प्रदेश कानूनहरु

प्रदेश लोक सेवा आयोग